# तेस्रो बैठक

आज मिति २०८१।०६।२१ गते सोमबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री बिष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगिदश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

अन्य उपस्थिति :

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | श्री हरिश्चन्द्र भुसाल | कार्यक्रम अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २३. | श्री जुना पाण्डे | लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २४. | राम बहादुर थापा | कृषि अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २५. | श्री शेषकान्त घिमिरे | कम्प्युटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २६. | श्री सुनिल पोखेल | लेखा सहायक | भूमिकास्थान नगरपालिका | |

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. अघिल्लो आर्थिक वर्षको भुक्तानी छुट रकम सम्बन्धमा ।
३. मकै तथा धानको मूल्य निर्धारण सम्बन्धमा ।
४. विविध

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो । ।

- जिल्ला भित्रबाट सम्बन्धित तह र विषयगत शिक्षकहरु सरुवा भई आउनको लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय भए बमोजिम सूचना प्रकाशन भएको ।
- नागरिक बजेट निर्देशिका २०८१, लेखा समिति कार्य सचालन मानक २०८१ र आन्तरिक लेखापरीक्षक आचारसंहिता २०८१ स्वीकृत भए बमोजिम कार्यान्वयन प्रकियामा अगाडी बढेको ।
- नवप्रवर्द्धन कार्यक्रमको लागि बाँझोजग्गा व्यवस्थापनको लागि सबै वडाले उपयुक्त जग्गाको छनौटको लागि निवेदन संकलन गर्ने निर्णय भएकोमा वडाबाट निवेदन संकलनको कार्य भै रहेको ।
- हस्तकलाका सामग्री निर्माण गर्ने तालिमको लागि सहभागी छनौटको लागि सबै वडाले ईच्छुक व्यक्ति छनौट गर्ने निर्णय भएकोमा केही वडाहरुबाट नामावली प्राप्त भएको ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा कार्यसम्पन्न भै मूल्यांकन समेत भएका तर मूलवस भुक्तानी छुट भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको भुक्तानी अघिल्लो वर्षको बचत बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | भुक्तानी गर्ने रकम रु | कैफियत |
|---|---|---|---|
| १ | तोकीएका योजना मर्मत, भूनपा ९ | ३१७३५३.०८ | |
| २ | खरकाछाना विस्थापन कार्यक्रम वडा नं ७ (जग बहादुर थापा) | ६८५१८.३४ | |

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत कर्मशील जनशक्तिमार्फत बाँझोजग्गामा उपयोग गरी उत्पादन भएको मकै, पोस्छ , धान र परालको मूल्य तपसिल बमोजिम निर्धारण गरी कर्मशील जनशक्तिहरु मार्फत बिक्री वितरण गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | उत्पादित वस्तुको नाम | तोकीएको बिक्री मूल्य रु . | कैफियत |
|---|---|---|---|
| १ | धान( बास्मति) प्रति के.जी. | ४५ | बाकाबेशी उत्पादनमूलक कर्मशील जनशक्ति मार्फत उत्पादित |
| २ | धानको पराल (प्रति भारी) | २०० | बाकाबेशी उत्पादनमूलक कर्मशील जनशक्ति मार्फत उत्पादित |

CS CamScanner

| | | | |
|---|---|---|---|
| ३ | मकैको पोस्कर | हलकलालाई प्रयोग हुने मकैको पोस्कर चौकुना तौलालाई उपलब्ध गराउने | दुम्रीचौर र डेना उत्पादनमूलक कर्मशील जनशक्ति मार्फत उत्पादित |
| ४ | मकैको बिऊ (रामपुर कम्पोजिट, मनकामना ३) | विभिन्न क्षेत्रमा कृषी मूल्य निर्धारण गर्ने | दुम्रीचौर र डेना उत्पादनमूलक कर्मशील जनशक्ति मार्फत उत्पादित |
| | मकै (खायन) ग्रेड १ (प्रति के.जी.) | ४० | दुम्रीचौर र डेना उत्पादनमूलक कर्मशील जनशक्ति मार्फत उत्पादित |
| | मकै (खायन) ग्रेड २ | २५ | दुम्रीचौर र डेना उत्पादनमूलक कर्मशील जनशक्ति मार्फत उत्पादित |

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यविधी, २०७५ को दफा २ को उपदफा (१) बमोजिम दरखास्त पेश भएको प्रज्ञा निर्माण सेवा (प्रोपाईटर- आशा चौधरी, भूमिकास्थान नगरपालिका -८ अर्घाखाँचीलाई सोहीं कार्यविधीको दफा - २ को उपदफा (४) अनुरुप निर्माण व्यवसायको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : भूमिकास्थान नगरपालिकामा ल्याण्डलाईनको सुविधा नभएको कारण विभिन्न शाखा तथा वडाहरुका कर्मचारीहरुलाई उपलब्ध गराउदै आएको संचार सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ६ : भूमिकास्थान नगरपालिकामा रहेका प्रहरी चौकीहरुलाई ( ढाकाबाग, धारापानी, खिल्जी र धनचौर मा अवस्थित) दशैपुजाको लागि प्रति प्रहरी चौकी रु. १० हजारका दरले जम्मा ४० हजार रकम संस्कृति संरक्षण शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।